सखुवानान्कारकट्टी गाउँपालिकाको

# उपभोक्ता समिति संचालन निर्देशिका

२०७६

सखुवानान्कारकट्टी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

२ नं. प्रदेश, सिरहा

नेपाल

Scanned with CamScanner

## सखुवानान्कारकट्टी गाउँपालिकाको उपभोक्ता समिति सञ्चालन निर्देशिका, २०७६


१) संक्षिप्त नाम र प्रारम्भ ..... १

२) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा ..... १

३) उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरु : ..... २

४) उपभोक्ता समितिको गठन : ..... ३

५) उपभोक्ता समितिमा रहन नपाउने व्यक्तिहरु ..... ४

६) उपभोक्ता समितिलाई तालिम ..... ४

८) उपभोक्ता समितिको काम कर्तव्य र अधिकार ..... ५

९) लागत सहभागिता जुटाउने सम्बन्धी व्यवस्था ..... ७

१०) नगरपालिकाबाट उपभोक्ता समितिलाई प्रदान गरिने सेवाहरु : ..... ७

१२) उपभोक्ता समितिले आर्थिक कारोबार सञ्चालन : ..... ८

१३) योजनाको रकम भुक्तानी प्रक्रिया ..... ८

१४) अनुगमन तथा मुल्याङ्कन ..... ९

१५) म्याद थप ..... १०

१६) सार्वजनिक परीक्षण ..... १०

१७) योजना फरफारक ..... १०

१८) योजनाको हस्तान्तरण ..... ११

१९) मर्मत संभार तथा सञ्चालन ..... ११

२०) दण्ड सजाय ..... १२

२१) विविध ..... १२

२१) संशोधन, खारेजी तथा बचाउ ..... १२

२२) निर्देशिकाको व्याख्या ..... १२


Scanned with CamScanner

# सखुवानान्कारकट्टी गाउँपालिकाको उपभोक्ता समिति सञ्चालन निर्देशिका, २०७६

स्थानीय स्तरको विकास निर्माण कार्यमा सम्वन्धित लाभकर्ता उपभोक्ताहरुलाई सहभागी गराउँदै सहभागितामूलक विकास निर्माण प्रक्रियाको स्थापनाको लागि विकास आयोजनाको छनौट, तर्जुमा, कार्यान्वयन, सञ्चालन, अनुगमन तथा मुल्याङ्कन उपभोक्ताहरु आफैंले गरुन र योजनाप्रति स्थानीय समुदायको अपनत्व तथा स्वामित्व महशुस हुन गई योजनाको दिगोपनाको लागि आवश्यक मर्मत संभार तथा हेरचाह जस्ता क्रियाकलापहरु स्थानीय स्तरबाट हुन सकोस् भन्ने नीति अनुरुप उपभोक्ता समितिबाट योजना सञ्चालन गर्ने प्रक्रियालाई सरल र व्यवस्थित एवं कामकारवाहीलाई पारदर्शी तुल्याउन यो "उपभोक्ता समिति निर्देशिका तयार गरिएको हो । यसले योजना कार्यान्वयन प्रक्रियामा सरलता, आर्थिक क्रियाकलापमा पारदर्शिता र स्थानीय उपभोक्तालाई जिम्मेवारी बोध गराउनुका साथै जनसहभागिता परिचालनमा सघाउ पुग्न जाने विश्वास रहेको छ ।

स्थानीय स्वायत्त शासन सिद्धान्त तथा नीतिहरुलाई मुर्तरुप दिने प्रयोजनका लागि गाउँपालिकाबाट जनतालाई विशेषगरी महिला, दलित, आदीवासी/जनजाति, मधेशी, मुस्लिम, पिछडावर्ग एवं सामाजिक आर्थिकरुपले पछाडी परेका वर्ग र समुदायहरुलाई पुऱ्याउँदै आएको सेवा सुविधालाई अझै व्यवस्थित, पारदर्शी, जनउत्तरदायी र सभावेशी बनाई स्थानीयस्तरबाट सम्पादन गरिने विकास निर्माणका कार्यहरु र सेवा प्रवाहमा सवै नागरिकको पहुँच सुनिश्चित गरी विकेन्द्रित दिगो विकासको अवधारणालाई संस्थागर्त गर्ने प्रयोजनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो सखुवानान्कारकट्टी गाउँपालिकाको उपभोक्ता समिति सञ्चालन निर्देशिका २०७६ तर्जुमा गरी लागु गरिएको छ ।

## १) संक्षिप्त नाम र प्रारम्भ

(१) यस निर्देशिकाको नाम "सखुवानान्कारकट्टी गाउँपालिकाको उपभोक्ता समिति सञ्चालन निर्देशिका २०७६" रहेको छ ।

(२) यो निर्देशिका गाउँ परिषद्ले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

## २) परिभाषा : विषय या प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(१) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई जनाउँछ ।

(२) "नियमावली" भन्नाले स्थानीय सरकार संचालन नियमावली २०७४ लाई जनाउँछ ।



Scanned with CamScanner

(३) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ लाई जनाउँछ।

(४) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत संभार गर्नको लागि आफुहरु मध्येबाट गठन गरेको समितिलाई जनाउँछ।

(५) "सामुदायिक संस्था" भन्नाले सामुदायिक विकासको भावनाले अभिप्रेरित भई निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानूनबमोजिम स्थापना भएका समुदायस्तरका संस्था तथा स्थानीय निकायमा सुचीकृत भएका समुदायमा आधारित संस्थासमेतलाई जनाउँछ।

(६) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई जनाउँछ।

(७) "सम्बन्धित निकाय" भन्नाले सखुवानान्कारकट्टी गाउँपालिकालाई बुझाउने छ।

(८) "अनुदान" भन्नाले नेपाल सरकारबाट गाउँपालिकालाई उपलब्ध हुने नि:शर्त तथा स:शर्त अनुदानका सबै विभिन्न मन्त्रालय, कार्यक्रम, विकास समिति, कोष र दातृ निकायबाट उपलब्ध हुने स्रोत समेतलाई जनाउँछ।

(९) "सामाजिक परीक्षण" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (१) र सामाजिक परीक्षण कार्यविधि, २०६३ मा उल्लेख भएअनुसारको सामाजिक जिम्मेवारीको लेखाजोखालाई जनाउँछ।

## ३) उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरु :

सामान्यतया वढी जटिल प्राविधिक पक्ष समावेश नभएका, मेशिनरी औजारको प्रयोग नहुने, उपभोक्ता समितिको तर्फबाट नगद सहभागिता जुट्ने देहाय बमोजिमका कार्यहरु प्रचलित कानूनले उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न पाउने वजेटको सिमाभित्र रही उपभोक्ता समिति मार्फत सञ्चालन गर्न प्राथमिकता दिईने छ।

१) सामुदायिक संस्था, उपभोक्ता समिति वा समूह, गैर सरकारी संस्था तथा वडावासीको आफ्नै स्रोतबाट सञ्चालन हुने आयोजना वा कार्यक्रम,

२) गाउँपालिकासँगको लागत सहभागितामा सञ्चालन हुने आयोजना वा कार्यक्रम,

३) गाउँपालिकाको आफ्नै लागतमा सञ्चालन हुने आयोजना वा कार्यक्रम,

४) उपभोक्ताले लागत सहभागिता जुटाउने योजनाहरु,

५) जनसहभागिता जुट्न सक्ने श्रममुलक योजनाहरु,

६) गरिवी निवारणमा प्रत्यक्षरुपमा सम्वन्धित योजनाहरु,



Scanned with CamScanner

७) दलित, पिछडिएका जनजाति, अपाङ्ग तथा महिलाका लागि सञ्चालित आयोजनाहरु,

८) विद्यालय, स्वास्थ्य चौकी, भवन निर्माण, सडक, स-साना कल्भर्ट, पुल पुलेसा, पहिरो रोकथाम, नदी नियन्त्रण, सार्वजनिक शौचालय निमार्ण, वन संरक्षण विकास जस्ता आयोजनाहरु ।

४) **उपभोक्ता समितिको गठन :**

उपभोक्ता समितिको गठन देहाय बमोजिम हुनेछ :

१) उपभोक्ता समिति गठन सम्वन्धित आयोजना स्थलमै आयोजनावाट लाभ प्राप्त गर्ने लाभान्वित जनसमुदायको आम भेलावाट गर्नु पर्नेछ । स्थानीय तहको योजनाको उपभोक्ता समिति गठन सम्वन्धमा गाउँपालिका तथा वडा कार्यालय सुचना वा पत्रिका आफनो वेभसाइट मार्फत ७ दिन अगावै सूचना प्रकाशित गरि जानकारी गराउनु पर्नेछ

२) उपभोक्ता समितिको छलफलमा आयोजनाका लागि वजेट, लक्ष्य, जनसहभागिता तथा कार्य सम्पन्न गर्न लाग्ने अवधिवारे स्पष्ट जानकारी गराउनु पर्दछ ।

३) आयोजनाबाट प्रत्यक्ष लाभ पुग्ने अधिकाशं उपभोक्तालाई सार्वजनिक भेलाको लागि पूर्व जानकारी गराई कार्य सम्पन्न हुने स्थानमा भेला गराउँदा सम्वन्धित उपभोक्ताहरुको सक्रियतामा गाउँपालिकाको प्रतिनिधि ( कर्मचारी परिचालकहरु) सँग समन्वय गरी सम्वन्धित वडा वा गाउँपालिकाको प्रतिनिधिहरुको रोहवरमा उपभोक्ता समिति गठन गरिने छ ।

४) प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति गठन गरेको पाइएमा गठन गर्ने कर्मचारी, समाजिक परिचालक वा संस्थालाई कार्यवाही गरिनेछ ।

५) उपभोक्ता समितिको गठन गर्दा स्थानीय स्तरमा उपलब्ध भएमा आदीवासी, जनजाति दलित तथा पिछडिएको समुदायलाई प्राथमिकता दिई समावेशी तवरले गर्नुपर्दछ ।

६) उपभोक्ता समिति गठन गर्दा प्रत्येक पदमा एक मात्र उम्मेदवार भएमा निर्विरोध र एकभन्दा बढी उमेदवार भएमा सहमति वा निर्वाचन प्रक्रिया अनुसार छनौट हुनेछ । सामान्यतया समिति गठन गर्दा कार्य सम्पन्न हुने स्थानमा आम भेलावाट सर्वसम्मत समिति गठन गर्न प्रयास गर्नु पर्दछ ।

७) - यदि कुनै कारणले सर्वसम्मत निर्णय हुन नसकेमा समूहमध्ये उपस्थित वाट हात उठाएर वा मत विभाजन वा निर्वाचनका अन्य विधिहरुका आधारमा निर्वाचन गरी वहुमतबाट छनौट गर्नु पर्दछ ।

८) उपभोक्ता समिति गठन प्रक्रियामा विवाद भई गठन हुन नसकेको अवस्थामा वा गठन समिति समूहले चासो नदेखाएमा गाउँपालिकाले कानून वमोजिम अन्य प्रक्रिया द्वारा योजना सञ्चालन गर्न सक्नेछ ।



Scanned with CamScanner

९) उपभोक्ता समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र अन्य सदस्य गरी सात देखि एघार सदस्य रहने गरी समावेश प्रतिनिधित्व हुने गरी गठन गर्नुपर्दछ । उपभोक्ता समितिमा कम्तीमा ३३ प्रतिशत महिला सदस्य हुनुपर्नेछ ।

१०) समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्येको एक जना अनिवार्यरुपमा महिला सदस्य हुनुपर्नेछ ।

११) उपभोक्ता समितिका सदस्यहरुले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्दछ ।

१२) एउटै समयमा एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै एकासगोलका परिवारबाट एक जना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाईने छैन ।

१३) सामाजिक परिचालनको माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था (जस्तै : सामुदायिक वन, सामुदायिकस्तरका सामुदायिक संस्थाहरु, टोल विकास संस्था, आमा समूह, कृषि समूह, सामुदायिक संगठन आदी) कार्यक्रम वा आयोजना सञ्चालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी सञ्चालन गर्न सकिने भएमा यस्ता समूहमार्फत कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

## ५) उपभोक्ता समितिमा रहन नपाउने व्यक्तिहरु

उपभोक्ता समितिमा देहायका व्यक्तिहरु रहन पाउने छैनन् :

१) स्थानीय निकायमा वहालवाला पदाधिकारी तथा सदस्यहरु,

२) वडा नागरिक मञ्चका संयोजक तथा सदस्यहरु,

३) वहालवाला सरकारी कर्मचारी तथा शिक्षक,

४) सरकारी पेश्की वा बेरुजु फछ्र्यौट नगरेका व्यक्तिहरु,

५) नैतिकपतन देखिने फौजदारी अभियोगमा सजाय पाई सजाय भुक्तान गरेको तीन बर्ष ननाघेका व्यक्तिहरु,

६) कुनै कानूनले अयोग्य घोषणा गरेको व्यक्तिहरु,

७) निर्माण व्यवसायको ईजाजत लिएका व्यक्तिहरु,

८) सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्तिहरु,

९) गाउँपालिकालाई तिर्नुपर्ने दाहित्व नतिर्ने व्यक्तिहरु ।

## ६) उपभोक्ता समितिलाई तालिम

१) उपभोक्ता समितिको क्षमता अभिवृद्धिका लागि उपभोक्ता समितिसँग सम्झौता भएपछि गाउँपालिकाद्वारा आयोजना सञ्चालन तथा लेखा व्यवस्थापन एवं न्युनतम प्राविधिक ज्ञानका लागि उपभोक्ता समितिका



Scanned with CamScanner

अध्यक्ष, कोषाध्यक्ष, सचिव र अनुगमन समितिका संयोजकलाई आवश्यकता अनुसार तालिम सञ्चालन गरिनेछ ।

२) यस प्रकारको तालिम खर्च संभव भएसम्म सम्बन्धित योजनाको भईपरिआउने (कन्टिन्जेन्सी) शीर्षकबाट गरिने छ ।

३) तालिम आवश्यकता अनुसार योजना स्थलमा पायक पर्ने केन्द्रमा वा स्थानमा सञ्चालन गरिने छ ।

## ८) उपभोक्ता समितिको काम कर्तव्य र अधिकार

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१) उपभोक्ता समितिको गठनसँगै विनियोजित बजेट रकम अनुसार सम्वन्धित प्राविधिकहरुको सहयोगमा कार्ययोजना बनाई जनसहभागिताको व्यवस्था मिलाउने

२) योजनाको लागि निर्दिष्ट गरिएको जनसहभागिताको हकमा समूहबाट उपलब्ध हुने श्रम सीप आदीको व्यवस्था गर्ने । श्रमदानको ठाउँमा नगद सहभागिता दिने गरी तोकिएकोमा गाउँपालिकाको सिफारिसमा खोलिएको बैंक खातामा नगद सहभागिता वापतको रकम जम्मा गरी सक्कल बैंक भौचर सहित सम्वन्धित निकायमा पेश गरी सम्झौता गर्ने ।

३) सम्झौता पछि गाउँपालिकाबाट अनुसूची ३ बमोजिम कार्यदेश प्राप्त गरी कार्य शुरु गर्ने ।

४) समूह अनुकुल हुने आचरण गर्ने ।

५) आयोजनाको सार्वजनिक परिक्षण गराउने

६) जाँचपास फरफारक गराई योजना हस्तान्तरण गरी जिम्मा लिने ।

७) योजना सञ्चालनको सन्दर्भमा नियमित रुपमा बैठक बस्ने, निर्णय सम्बन्धित निकायमा पठाउने व्यवस्था गर्ने । विल भरपाई सुरक्षित राख्ने ।

८) समितिको बैठक नियमित रुपमा बस्ने र आय व्ययको विवरणका साथै भए गरेका कामको बारेमा समूहका साथै सम्बन्धित निकायमा जानकारी गराउने ।

९) कार्यान्वियनको सिलसिलामा डिजाईन भन्दा फरक कार्य सामान्यतया नगर्ने । यदि गर्नुपर्ने अवस्था सिर्जना भएमा समितिको बैठक वसी फरक कार्य गर्नुपर्ने भएमा औचित्यको बारेमा छलफल गरी प्राविधिक परामर्श लिई सम्वन्धित निकायले अनुमति दिएमा मात्र फरक कार्य गर्ने ।

१०) सम्झौतामा निर्दिष्ट गरिएको कार्यान्वियन अवधिभित्र कार्य सम्पन्न गरिसक्ने ।



Scanned with CamScanner

११) आयोजना विस्तारको पहल गर्ने ।

१२) योजनाबाट प्राप्त हुने प्रतिफल बाँडफाँड गर्ने दिगो व्यवस्थापनका लागि सेवा शुल्क निर्धारण गरी असुल गर्ने ।

१४) उपभोक्ता समितिबाट जनसहभागिताको कार्य गरिसकेपछि सम्वन्धि निकायसँग कामको प्रगतिको अनुपात रकम गर्दा देहायका कुराहरु संलग्न गर्ने :

क) उपभोक्ता समितिको बैठक बसी कामको प्रगतिको आधारमा रकम माग गरेको निर्णय ।

ख) प्राविधिक मुल्याङ्कन

ग) समितिको तर्फबाट रकम माग गरेको निवेदन /पत्र

घ) उपभोक्ता समितिका अध्यक्षबाट प्रमाणित भएको यथार्थ खर्चको विवरण सहितको फाँटवारी ।

ङ) ज्यामी र मिस्त्री लगाईएको कार्यको हकमा डोर हाजिरी फाराम ।

१५) रु. ५ लाख भन्दा माथिको योजनाको सम्बन्धमा सबैले देख्ने गरी आयोजना/कार्यक्रम स्थलमा उपभोक्ता समितिले अनुसुची १ को नमूना बमोजिम आयोजना सूचना पाटी (होडिङ्ग बोर्ड) राख्नुपर्नेछ ।

१६) उपभोक्ता समितिले जिम्मा लिएको योजना सञ्चालन ठेक्कामार्फत गराउन पाईने छैन । यदि ठेक्का लगाएको थाहा भएमा गाउँपालिका रकम भुक्तानी दिन वाध्य हुने छैन ।

१७) कुनै उपभोक्ता समितिले योजना फरफारक नगराएको वा काम सन्तोषजनक नगराएको खण्डमा त्यस्ता उपभोक्ता समितिसँग भविष्यमा गाउँपालिकाले कुनै पनि सम्झौता नगर्ने निर्णय गर्न सक्ने छ ।

१८) उपभोक्ता समितिले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ र १५६ बमोजिमको प्रावधानहरु पुर्णरुपले पालना गर्नुपर्नेछ ।



Scanned with CamScanner

## ९) लागत सहभागिता जुटाउने सम्बन्धी व्यवस्था

उपभोक्ता समितिबाट सञ्चालन हुने योजनामा उपभोक्ताले कम्तीमा देहाय बमोजिमको अंशदान एवं लागत सहभागिता व्यहोर्नुपर्ने छ :

१) संरचना निर्माण कार्यमा - जस्तै पीच, नाली, भवन, टेवा पर्खाल, कल्भर्ट, विद्युतीकरणसँग सम्बन्धित आयोजनामा लागत अनुगमनको अंकको कम्तीमा ५% बराबरको कार्य उपभोक्ता समितिले व्यहोर्नुपर्नेछ ।

२) संरचना निर्माण बाहेकको काममा लागत अनुमान अंकको कम्तीमा ५–१०% बराबरको कार्य उपभोक्ता समितिले व्यहोर्नुपर्नेछ ।

तर उपरोक्त बुँदा नं. १ र २ मा जेसुकै लेखिएको भएपनि उल्लेखित प्रतिशत भन्दा बढी जनसहभागिता जुटाउन बाधा पर्ने छैन । सो भन्दा बढी सहभागिता जुटाउनु पर्ने गरी गाउँपालिकाबाट कार्यक्रम स्वीकृत भएकोमा सोही अनुसार गर्नुपर्ने छ ।

३) योजना सञ्चालन गर्ने गाउँपालिका र मातहत निकायले नगदै अंशदान गर्नुपर्ने भनी तोकिएकोमा सोही नगद अंशदान सम्बन्धित उपभोक्ता समितिले राख्नुपर्नेछ ।

४) वैदेशिक निकायबाट सञ्चालन हुने योजनाको हकमा सो निकायसँग भएको सम्झौता तथा निर्देशिका भएमा सोही निर्देशिका अनुसार हुनेछ ।

५) विपन्न वर्ग, दलित, जनजाति तथा उत्पीडित लगायतका समुदायको लागि सञ्चालित योजनाको हकमा नेपाल सरकारले छुट्टै व्यवस्था गरेकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नगरेको हकमा योजनाको प्रकृति हेरी गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## १०) गाउँपालिकाबाट उपभोक्ता समितिलाई प्रदान गरिने सेवाहरु :

१) उपभोक्ता समिति गठन गर्न पालना गर्नुपर्ने ऐन, नियम र निर्देशिका बारे जानकारी गराउने ।

२) उपभोक्ता समितिबाट हुने जनसहभागिताको मुल्याङ्कन गर्ने ।

३) प्रचलित कानुन बमोजिम अनुसुची २ बमोजिम ढाँचामा योजना सम्झौता गरी कार्य सञ्चालनका लागि प्रचलित कानूनको अधीनमा रही पेश्की उपलब्ध गराउने ।

४) योजनाको प्रभावकारी कार्यान्वयनका लागि उपभोक्ता समितिलाई तालिम दिने ।

५) योजनाको स्थलगत भ्रमण गरी लागत अनुमान एवं भए गरेका कार्यको प्राविधिक मुल्याङ्कन गर्ने ।

६) विकास निर्माणको कार्यको आवश्यकता अनुसार स्थलगत निरिक्षण तथा सार्वजनिक लेखापरीक्षण गर्न लगाई निकासामा छाड्ने ।

७) उपभोक्ता समितिबाट पेश भएका योजनागत कार्यप्रक्रिया पुगेको एक महिनाभित्र फरफारक गर्ने ।

८) फरफारक भएका योजनाहरुको अन्तिम भुक्तानी दिने ।

९) आवस्यकता अनुसारको प्राविधिक परामर्श दिने ।

## १२) उपभोक्ता समितिले आर्थिक कारोवार सञ्चालन :

१) पचास हजार भन्दा माथि भुक्तानी गर्दा वा कारोवार गर्दा बैंक मार्फत दिनुपर्नेछ । खाता खोल्दा उपभोक्ता समितिको निर्णयानुसार नजिकको पायक पर्ने बैंकमा खाता खोली सञ्चालन गर्नुपर्नेछ ।

२) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतवाट सञ्चालन हुनेछ । खाता सञ्चालकहरुको तीन पुस्ते खुलाई नगरपालिकामा अभिलेख राख्नुपर्नेछ ।

३) योजना सञ्चालनबारे गाउँपालिका वा सम्वन्धित निकायले जुनसुकै वखत पनि उपभोक्ता समितिको खाता र बैंक पासबुक जाँचवुझ गर्न सक्नेछ ।

४) उपभोक्ता समितिले काम सम्पन्न गरेपछि योजनाको आय/व्यय विवरणको सार्वजनिक परीक्षण सहित एक प्रति फरफारकका लागि पेश गर्नुपर्नेछ ।

५) साविकदेखि बैंक खाता भई रहेको अवस्थामा बाहेक पचास हजार भन्दा कम लागतका योजनाको आर्थिक कारोवारको लागि बैंक खाता आवस्यक पर्नेछैन ।

## १३) योजनाको रकम भुक्तानी प्रक्रिया

गाउँपालिका र उपभोक्ता समिति बीच भएको सम्झौता बमोजिम योजनाको कार्य सञ्चालनका लागि अग्रिम रुपमा कुनै पेश्की दिईनेछैन । गाउँपालिकाले कामको मूल्याङ्कन गरी देहायका आधारमा रकम भुक्तानी दिईनेछ :

१) उपभोक्ता समितिले सम्झौता बमोजिम कार्य शुरु गरी सम्बन्धित प्राविधिकको मूल्याङ्कनको आधारमा गरेको कामको मात्र भुक्तानी दिइनेछ । यस्तो भुक्तानी ३ चरणमा दिइनेछ । पहिलो पटक ३३ प्रतिशत, दोस्रो पटक ३३ प्रतिशत र अन्तिममा ३४ प्रतिशत भुक्तानी दिइनेछ । त्यसरी भुक्तानी दिँदा उपभोक्ता समितिको माग निवेदन, नापी किताव, उपभोक्ता समितिको निर्णय , अनुगमन समितिको सिफारिस समेत पेश गर्नुपर्ने छ ।

२) योजनाको अन्तिम भुक्तानीको हकमा सम्बन्धित प्राविधिकबाट गरिएको कामको मुल्याङ्कनको अन्तिम विल, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णयहरु , अनुगमन समितिको सिफारिस, सार्वजनिक लेखापरीक्षण प्रतिवेदन साथ राखी उपभोक्ता समितिको अध्यक्ष र कोषाध्यक्षले कागजात प्रमाणित गरी पेश गरेपछि गाउँपालिकाबाट योजना मुल्याङ्कन, जाँचपास फरफारक गर्न केही समय लाग्ने भएमा १०% सम्मको रकम कट्टा गरी पछि जाँचपास फरफारक भएपछि भुक्तानी दिने गरी मुल्याङ्कनको आधारमा भुक्तानी दिन सकिनेछ ।

३) तर एकै पटक कार्य सम्पन्न गरी उपरोक्त कागजात साथ पेश भएमा एकमुष्ठ भुक्तानी गर्न सकिनेछ ।



Scanned with CamScanner

## १४) अनुगमन तथा मुल्याङ्कन

१। उपभोक्ता समितिको गठन संगसंगै उपभोक्ताको आम भेलाले आयोजना वा कार्यक्रमवाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवारमध्येबाट कम्तीमा दुई जना महिला समेत रहने गरी पाँच सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ ।

२। अनुगमन तथा सहजीकरण समितिले सम्बन्धित योजनाकों कार्यान्वयन चरणमा योजनाको कार्य प्रगाति, कार्य योजना अनुसारकाम भए नभएको, गुणस्तर युक्त ढङ्गले सञ्चालन भए नभएको आदी विषयमा निरन्तर अनुगमन तथा मुल्याङ्कन गर्नेछ ।

३। समितिले आयोजना सम्पन्न भएको सात दिन भित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिस गर्नुपर्नेछ । समितिले आफनो दायित्व र जिम्मेवारी निर्वाह नगरेको, भुक्तानी र फरफारक गर्न लगायत थप कार्यहरु अगाडी वढाउन वाधा परेको मानिने छैन ।



Scanned with CamScanner

## १५) म्याद थप

१) उपभोक्ता समितिले सम्झौता तोकिएको म्यादभित्र योजना सम्पन्न गर्नुपर्नेछ ।

२) सम्झौतामा निर्दिष्ट गरिएको म्यादभित्र सम्पन्न हुन नसक्ने अवस्था सृजना भएमा उपभोक्ता समितिले निर्णय गरी कारण सहित म्याद समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगावै सम्वन्धित प्राविधिकको सिफारिससाथ उपभोक्ता समितिको निर्णय राखी गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।

३) यसरी म्याद थपको माग भई आएपछि सम्वन्धित प्राविधिकको कारण खुलेको प्रतिवेदनको आधारमा एक पटक प्रमुख प्रशासकिय अधिकृतले म्याद थप गर्न सकिनेछ ।

४) यस बाहेक प्राकृतिक प्रकोप वा भवितव्य परी मनासिव कारण बाहेक बुँदा नं. ३ बमोजिमको म्यादभित्र सम्पन्न हुन नसक्ने विशेष परिस्थिति भएमा दोस्रो पटक स्थानीय निकायले म्याद थप गर्न सक्नेछ । त्यस्तो म्याद थप गर्नुपर्ने भएमा उपभोक्ता समितिवाट प्रचलित नियममा तोकिए अनुसार लाग्ने हर्जाना बरावरको योजनामा थप कार्य गराउन सक्नेछ ।

## १६) सार्वजनिक परीक्षण

१) गाउँपालिकामा बाह्य तथा आन्तरिक स्रोतबाट उपभोक्ता समिति मार्फत सञ्चालन हुने सबै किसिमका कार्यक्रम तथा ओजनाहरु सम्पन्न भएपछि अन्तिम किस्ता भुक्तानी पूर्व अनिवार्य रुपमा सार्वजनिक परीक्षण कार्यविधि, २०६७ बमोजिम सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

## १७) योजना फरफारक

१) योजना सम्पन्न भई सकेपछि सम्बन्धित निकायलाई जानकारी गराउने र नियमानुसार फरफारक गराउने दायित्व सम्बन्धित उपभोक्ता समितिको हुनेछ । यसरी फरफारक गराउँदा उपभोक्ता समितिले देहाय बमोजिमका कागजात संलग्न गरी पेश गुर्नपर्नेछ :

क) उपभोक्ता समितिको निर्णय

ख) प्राविधिकको अन्तिम मुल्याङ्कन, नापी विवरण र कार्य सम्पन्न प्रतिवेदन र

ग) सार्वजनिक परीक्षणको प्रतिवेदन



Scanned with CamScanner

१८) **योजनाको हस्तान्तरण**

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५६ को उपनियम (च) बमोजिम आयोजनाको जाँचपास भई फरफारक भईसकेपछि सम्बन्धित गाउँपालिकाले उक्त योजना सम्बन्धित उपभोक्ता समितिलाई अनुसुची ४ बमोजिम फारम भरी उपभोक्ता समितिलाई योजना हस्तान्तरण गर्नुपर्ने र उपभोक्ता समितिले जिम्मा लिई सञ्चालन गर्नुपर्ने छ ।

१९) **मर्मत संभार तथा सञ्चालन**

१) उपभोक्ता समितिलाई योजना हस्तान्तरण भईसकेपछि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५६ को उपनियम (ज),(झ) र (ञ) बमोजिम उपभोक्ता समितिले देहायको काम गर्न सक्नेछ :

क) सो योजना मर्मत संभारका लागि आवश्यक व्यवस्था मिलाउन योजनाबाट सेवा प्राप्त गर्ने समूहबाट सेवा शुल्क लिने ।

ख) सेवा शुल्क वापत असुल गर्ने रकमको दर निर्धारण गर्दा योजनाको प्रकृति हेरि लाभान्वित उपभोक्ताहरुको समूहको बैठकबाट निर्धारण गरी गाउँपालिकाको स्वीकृती लिई कार्यान्वयन गर्ने ।

ग) सम्वन्धित निकायले दिएको नीति र निर्देशनको अधिनमा रही सम्पन्न योजनाको सञ्चालन र मर्मत संभारका लागि पहल गर्ने ।

घ) मर्मत संभार तथा सञ्चालन गरी हस्तान्तरण भइ आएका योजनाको मर्मत संभार गर्दा उपभोक्ता समितिको बैठकबाट देहाय बमोजिमको मर्मत संभार समिति गठन गर्न सक्नेछ ।

| | |
|---|---|
| क) अध्यक्ष | १ जना |
| ख) महिला सदस्य | २ जना |
| ग) सदस्य | २ जना |



Scanned with CamScanner

## २०) दण्ड सजाय

कुनै उपभोक्ता समितिले योजना सम्झौता बमोजिम योजना सञ्चालन नगरी निजहरुको लापरवाहीले कुनै हानी पुगेमा वा क्षति पुगेमा वा रकम दुरुपयोग भए गाउँपालिका वा सम्बन्धित उपभोक्ता समितिका पदाधिकारी र सदस्यहरुलाई देहाय बमोजिम दण्ड सजाय गर्न सक्नेछ ।

१) दुरुपयोग भएको रकम दामासाहिले उपभोक्ता समितिका पदाधिकारी र सदस्यहरुबाट सरकारी बाँकी सरह असुल उपर गर्ने ।

२) योजनामा खर्च भएको रकम बराबर क्षतिपुर्ति स्वरुप असुल गर्ने ।

३) त्यस्ता उपभोक्ता समितिसँग पुन : योजना सञ्चालनका लागि सम्झौता नगर्ने ।

४) योजनाको निर्माण कार्य पुनः योजना सञ्चालनका लागि सम्झौता नगर्ने ।

५) आर्थिक जरिवाना गर्ने ।

## २१) विविध

गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिनभित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । तोकीएको समय भित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा सम्बन्धित स्थानीय निकायले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य वैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ ।

## २१) संशोधन, खारेजी तथा बचाउ

१) यो निर्देशिका आवश्यकता अनुसार गाउँ परिषद्ले संशोधन, परिमार्जन वा खारेज समेत गर्न सक्नेछ ।

२) निर्देशिकामा उल्लेख भएको कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

३) गाउँपालिकाबाट सञ्चालन हुने विषेश योजना वा कार्यक्रमको लागि तोकिएको कार्यविधिहरुको पालना गर्न यस निर्देशिकाले बाधा पुऱ्याएको मानिने छैन ।

४) यस निर्देशिकामा लेखिएका कुराहरु स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली , २०६४ सँग बाझिएमा बाझिएका कुराहरु स्वतःनिष्कृय हुनेछन् ।

## २२) निर्देशिकाको व्याख्या

यो निर्देशिकाको अन्तिम व्याख्या गर्ने अधिकार गाउँपालिकालाई हुनेछ ।



Scanned with CamScanner

## अनुसुची १

### आयोजना स्थलमा राख्ने सूचनापाटीको नमूना

योजनाको नाम :

योजना स्थल :

वडा नं. :

उ.स.को नाम :

उपभोक्ता समितिको अध्यक्षको नाम :

जम्मा सदस्य संख्या :

महिला सदस्य संख्या :

योजना शुरु हुने मिति :

कामको विवरण

(ल.ई. बमोजिम प्रत्येक कामको भौतिक परिमाण उल्लेख गर्ने )

बजेट स्रोत

- न.पा :
- अन्य संस्था :
- जनश्रमदान :
- कुल लागत :

योजना सम्पन्न हुने मिति :

योजना सम्पन्न भएको मिति :



Scanned with CamScanner

अनुसुची २

गाउँपालिका र उपभोक्ता समिति बीच गरिने योजना सम्झौता फारामको ढाँचा

**१) सम्झौता गर्ने पक्ष र आयोजना**

**क) उपभोक्ता समितिको विवरण**

सम्झौता गर्ने संस्थाको प्रतिनिधि

१) नाम :

२) पद :

३) ठेगाना :

**ख) आयोजनाको विवरण**

१) नाम :

२) ठेगाना :

३) उद्देश्य :

४) आयोजना स्वीकृत गर्ने निकाय

५) आयोजनाको शुरु हुने मिति :

६) आयोजना सम्पन्न हुने मिति :

**२) आयोजना लागत सम्बन्धि विवरण :**

**क) लागत अनुमान रु. :**

**ख) लागत व्यहोर्ने स्रोतहरु**

१) नेपाल सरकारबाट



Scanned with CamScanner

२) गाउँपालिकाबाट

३) अन्य स्थानीय निकायबाट

४) गैर सरकारी संघ संस्थाबाट

५) समुदायबाट आधारित संस्थाबाट

६) विदेशी दातृ संस्था/निकायबाट

७) उपभोक्ता समितिबाट

८) अन्यबाट

**ग) निर्माण समाग्रीको विवरण जम्मा रु.**

परिमाण : सामाग्रीको नाम : ईकाई :

१) विषयगत शाखाबाट

२) गाउँपालिकाबाट

३) अन्य स्थानीय निकायबाट

४) विदेशी दातृ संस्था /निकायबाट

६) उपभोक्ता समितिबाट

७) गैर सरकारी संघ संस्था संस्थाबाट

८) अन्य बाट

**घ) आयोजनाबाट लाभान्वित हुने**

१) घरपरिवार संख्या :

२) जनसंख्या :



Scanned with CamScanner

३) समुदाय :

४) दलित/जनजाति

५) अन्य :

३) उपभोक्ता समिति गठन तथा अन्य विवरण

क) गठन भएको मिति :

ख) पदाधिकारीको नाम र ठेगाना :

१) अध्यक्ष

२) उपाध्यक्ष

३) कोषाध्यक्ष

४) सदस्य

५) सदस्य

६) सदस्य

७) सदस्य

८) सदस्य

९) सचिव

ग) योजना स्थलको लाभान्वित जनसंख्या

घ) गठन गर्दा उपस्थित लाभान्वित जनसंख्या :

ङ) गठन गर्दा अनुपस्थित लाभान्वित संख्या :

४) आयोजना सञ्चालन सम्बन्धित अनुभव



Scanned with CamScanner

५) उपभोक्ता समितिले प्राप्त गर्ने किस्ता विवरण

| किस्ता क्रम | मिति | किस्ता रकम | निर्माण सामाग्री | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| पहिलो | | | | | |
| दोस्रो | | | | | |
| तेस्रो | | | | | |
| अन्तिम किस्ता भुक्तानी | | | | | |
| जम्मा | | | | | |

६) आयोजनाको मर्मत संभार व्यहोर्ने मासिक/चौमासिक/वार्षिक स्रोत

क) मर्मत संभारको जिम्मा लिने समितिको नाम :

ख) जन श्रमदान (श्रम शक्ति संख्या) :

ग) सेवा शुल्कबाट रु.

घ) दस्तुर चन्दाबाट रु.

ङ) लागत सहभागिता वा अुदानबाट रु.

च) व्याज वा अन्य बचत रु.

७) अन्य प्राविधिक व्यवस्थापन सम्बन्धी विवरण

सम्झौताका शर्तहरु :

१) प्राप्त रकम तथा निर्माण सामाग्री सम्बन्धि आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउने छौं ।

२) आयोजना सम्पन्न भएपछि गाउँपालिकाबाट जाँचपास गरी फरफारक लिनेछौं ।

३) आम्दानी खर्चको विवरण र कार्यप्रगातिको जानकारी उपभोक्ता समूहलाई गराई छलफल गरी अर्को किस्ता माग गर्नेछौं ।

४) नगदी, जिन्सी सामानको प्राप्ती, खर्च बाँकी तथा आयोजनाको प्रगति विवरण अभिलेख आदि तयार राख्नेछौं ।



Scanned with CamScanner

५) आयोजनाको कुल लागत भन्दा घटी लागत आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन दिन सहमत छौं ।

६) आयोजना सञ्चालन गर्ने उपभोक्ता समितिले आयोजनाको मर्मत सम्भारको पनि व्यवस्था गर्नेछौं ।

७) आयोजनाको सबै काम उपभोक्ता समिति समूहको निर्णयानुसार गर्ने गराउने छौं ।

८) आयोजनाको मिति ......................देखि शुरु गरी मिति ..........................सम्ममा पुरा गर्ने गराउने छौं ।

९) प्रत्येक चौमासिक र वार्षिकरुपमा भौतिक तथा खर्चको विवरण स्थानीय निकायमा पठाउनें छौं ।

१०) उपभोक्ता समिति सञ्चालन निर्देशिका २०७४ को पुर्णरुममा पालना गर्नेछौं ।

अन्य शर्तहरु :

१)

२)

उपयुक्त बमोजिम गर्न हामी मञ्जुर छौं ।

**गाउँपालिका तर्फबाट**

दस्तखत :

मिति :

नामः

दर्जाः

**उपभोक्ता समितिको तर्फबाट**

दस्तखत :

मिति :

नामः

दर्जाः

**रोहवर /साक्षी**

दस्तखत :

मिति :

नामः

दस्तखत :

मिति :

नाम :



Scanned with CamScanner

### अनुसुची ३

## सखुवानान्कारकट्टी गाउँपालिकाको कार्यालय

विषय : कार्यदिश दिईएको बारे ।

श्री .............................

अध्यक्ष

............... उपभोक्ता समिति, सिरहा

प्रस्तुत विषयमा सिरहा जिल्ला सखुवानान्कारकट्टी गाउँपालिका वडा नं ...... स्थित लागत इस्टिमेट रु. ...................... भएको योजना कार्यान्वयनका लागि त्यस उपभोक्ता समिति र यस सखुवानान्कारकट्टी गाउँपालिकाको कार्यालय बीच मिति ...................... मा सम्पन्न सम्झौता अनुसार लगत इष्टिमेट बमोजिम सखुवानान्कारकट्टी गाउँपालिकाको कार्यालयबाट खटिएका प्राविधिकको प्रत्यक्ष रेखदेख निर्देशनमा रही सम्झौतामा तोकिएको अवधिभित्र गुणस्तरयुक्त ढंगले योजनाको कार्य सम्पन्न योजनाको कार्य सम्पन्न गर्नु गराउनु हुन यो कायदिश दिईएको छ ।

........................

बोधार्थ

श्री प्राविधिक शाखा -सखुवानान्कारकट्टी गाउँपालिका : योजना सञ्चालनमा आवश्यक सहयोग गर्नु हुन ।

श्री लेखा शाखा, सखुवानान्कारकट्टी गाउँपालिका



Scanned with CamScanner

## अनुसुची ४

सखुवानान्कारकट्टी गाउँपालिकाको कार्यालय

सिरहा, २ नं. प्रदेश नेपाल

विषय : योजना हस्तान्तरण ।

श्री ..............................

....................................

उपभोक्ता समिति, सिरहा

यस कार्यालयको मिति ......................... को निर्णयानुसार आ.व. .................... मा सखुवानान्कारकट्टी गाउँपालिका वडा नं. ...... को स्थानमा कार्यक्रम अन्तर्गत संचालित ............... योजना ............ गते सम्पन्न भई जाँचपास फरफारक समेत भएकाले यस योजना आजको मिति देखि त्यस ...................... उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको छ । अब देखि सो योजनाको रेखदेख मर्मत सम्भारको व्यवस्था उपभोक्ता समितिबाट मिलाउनु हुन अनुरोध छ ।

१) लगत ईष्टिमेट रकम रु.

२) मुल्याङ्कन रकम रु.

३) अनुदान रकम रु.

४) जन श्रमदान

५) भुक्तानी दिएको

नगद :

जिन्सी :

६) बाँकी

<u>बोधार्थ तथा कार्यार्थ :</u>

श्री योजना तथा प्राविधिक शाखा - सखुवानान्कारकट्टी गाउँपालिका :

श्री लेखा शाखा, सखुवानान्कारकट्टी गाउँपालिका



Scanned with CamScanner